राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १६५ | २०८२ फाल्गुन १६ गते शनिवार | (Saturday, 28 Feb., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# सरकारी जागिरको लोभमा सब-इन्जिनियरको हत्या

## घटनामा संलग्न सालो र भाईसहित मुख्य अभियुक्त सार्वजनिक




**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, फाल्गुन १५ गते ।*

पूर्वाधार विकास कार्यालय सर्लाहीमा कार्यरत सब-इन्जिनियर प्रमोदकुमार यादवको हत्या लोकसेवा परीक्षाकै प्रतिस्पर्धीले योजनाबद्ध रूपमा गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । आफू वैकल्पिक सूचीमा परेकाले पद रिक्त भए मौका पाउने आशामा मुख्य अभियुक्तले हत्या योजना बनाएको निष्कर्ष प्रहरीको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीले शुक्रबार पत्रकार सम्मेलन गरी तीन जनालाई सार्वजनिक गरेको हो । प्रहरीका अनुसार मुख्य अभियुक्त महोत्तरीको रामगोपालपुर नगरपालिका-५ का ३४ वर्षीय गणेशकुमार महतो हुन् । पछिल्लो समय उनी सर्लाहीको बरहथवा नगरपालिका-९ शान्ति टोलमा बस्दै आएका थिए । उनी रामनगर गाउँपालिकामा कराकार प्राविधिक सहायकका रूपमा कार्यरत थिए । यादव र महतोले गत वर्ष मधेश प्रदेश लोक सेवा आयोग अन्तर्गत सहायक पाँचौं तह (सब-इन्जिनियर) पदका लागि परीक्षा दिएका थिए । परीक्षामा यादव उत्तीर्ण भई २०८१ फागुन ४ गते नियुक्तिका लागि सिफारिस भएका थिए । महतो भने वैकल्पिक सूचीमा एक्लै परेका थिए ।

कानुनी व्यवस्थाअनुसार नियुक्त उम्मेदवार एक वर्षभित्र कुनै कारणले पद रिक्त भए वैकल्पिक उम्मेदवारले अवसर पाउने प्रावधान छ । सोही प्रावधानअनुसार आफूले जागिर पाउने विश्वासमा महतोले हत्या योजना बनाएको प्रहरीको दाबी छ ।

मलंगवा नगरपालिका-१० मा डेरा गरी बस्दै आएका यादवलाई फागुन ३ गते फोनमार्फत कोठाबाहिर बोलाएर गोली प्रहार गरिएको थियो । गम्भीर घाइते यादवको प्रादेशिक अस्पताल मलंगवामा उपचारका क्रममा मृत्यु भएको थियो । प्रहरीका अनुसार घटनाकै दिन महतो आफ्ना साला चन्द्रकिशोर सिंह कुशवाहासँग भारतीय नम्बर प्लेटको मोटरसाइकलमा मलंगवा पुगेका थिए । महतोले ह्वाट्सएप कलमार्फत यादवलाई बाहिर बोलाएका थिए । बाहिर निस्किएलगत्तै उनीमाथि गोली प्रहार गरिएको थियो । हत्या घटनामा संलग्न महतो र कुशवाहालाई प्रहरीले पक्राउ गरिसकेको छ । हतियार उपलब्ध गराएको आरोपमा महतोका भाइ २२ वर्षीय विजयकुमार महतो पनि पक्राउ परेका छन् । अनुसन्धानका क्रममा महतो र यादवबीच लोक सेवा आयोगको अन्तर्वार्ताका दिन चिनजान भएको खुलेको छ । महतोले आफूलाई 'राकेश यादव' भनेर परिचय दिएका थिए । त्यसपछि उनले यादवसँग निरन्तर सम्पर्क राख्दै आएको पाइएको प्रहरीले जनाएको छ ।

योजनाअनुसार नै महतोले दसैंअघि भाइ विजयलाई पेस्तोल किन्न ८० हजार रुपैयाँ दिएका थिए । घटनामा प्रयोग भएको एक थान पेस्तोल, गोलीको खोका, भारतीय नम्बर प्लेटको मोटरसाइकल र तीन थान मोबाइल फोन बरामद गरिएको छ ।

हत्या पश्चात् मोटरसाइकल रौतहटको गढीमाई नगरपालिका-५ अन्तर्गत बागमती नदी किनारमा बेवारिसे अवस्थामा फेला परेको थियो । प्रयोग गरिएको पेस्तोल भने चार दिनपछि मलंगवा नगरपालिका-७ स्थित निर्माणाधीन मन्दिर परिसरमा एक बालकले फेला पारेका थिए । सो पेस्तोल खेलाउने क्रममा पड्किँदा ती बालक घाइते भएका थिए । घटनाको अनुसन्धान नेपाल प्रहरी को केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र जिल्ला प्रहरी कार्यालय सर्लाहीको संयुक्त टोलीले गरेको हो । पक्राउ परेका तीनै जनाविरुद्ध कर्तव्य ज्यान तथा हातहतियार खरखजना मुद्दामा सर्लाही जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बजेट तयारी गर्न राजस्व परामर्श समिति गठन

**द पब्लिक टुडे समाचारदाता**

*काठमाडौं, फाल्गुन १५ गते ।*

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माण क्रममा सरकारलाई राजस्व सम्बन्धी सुझाव दिन राजस्व परामर्श समिति गठन गरिएको छ ।

अर्थ मन्त्रालयका राजस्व सचिवको संयोजकत्वमा राजस्व परामर्श समिति गठन गरिएको मन्त्रालयका सहसचिव तथा प्रवक्ता टंकप्रसाद पाण्डेयले जानकारी दिए । उनका अनुसार अर्थमन्त्री रामेश्वर खनालको मन्त्रीस्तरीय निर्णयबाट यस्तो निर्णय भएको हो । समितिले आफ्नो काम सुरु गरिसकेको जनाएको छ । राजस्व परामर्श समितिमा विभागीय प्रमुख, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभाग वा निजले तोकेको वरिष्ठ प्राध्यापकलाई सदस्य तोकिएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक, अर्थ मन्त्रालयबाट मनोनीत सम्बन्धित विषयका २ जना विज्ञ (अर्थ विज्ञ र कर विज्ञ), नेपाल उद्योग वाणिज्य महासंघ अध्यक्ष वा निजले तोकेको वरिष्ठ पदाधिकारी सदस्य, नेपाल आर्थिक संघ अध्यक्ष वा निजले तोकेको वरिष्ठ सदस्य समिति सदस्य हुने गरी तोकिएको छ ।

यसैगरी नेपाल उद्योग परिसंघ अध्यक्ष वा निजले तोकेको वरिष्ठ पदाधिकारी, नेपाल चेम्बर अफ कमर्स अध्यक्ष वा निजले तोकेको वरिष्ठ पदाधिकारी, नेपाल उद्योग व्यापार महासंघ अध्यक्ष/सभापति वा निजले तोकेको वरिष्ठ पदाधिकारी, नेपाल घरेलु तथा साना उद्योग महासंघ अध्यक्ष वा निजले तोकेको वरिष्ठ पदाधिकारी समेत सदस्य तोकिएको छ । अर्थ मन्त्रालयको राजस्व व्यवस्थापन महाशाखा सहसचिवले सदस्यसचिवको जिम्मेवारी सम्हाल्ने छन् ।

# जनकपुर-जयनगर रेल सेवा तीन दिन बन्द हुने

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, फाल्गुन १५ गते ।*

नेपाल रेल्वे कम्पनी लिमिटेडले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै जनकपुर-जयनगर खण्डमा सञ्चालन हुँदै आएको रेल सेवा तीन दिन पूर्ण रूपमा बन्द रहने जनाएको छ । कम्पनीद्वारा शुक्रबार जारी सूचनाअनुसार यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा शान्तिसुरक्षा प्रत्याभूति गराउने उद्देश्यले फागुन १९ गते मङ्गलबारदेखि फागुन २१ गते बिहीबारसम्म (तीन दिन) रेल सेवा बन्द रहने जनाइएको हो । उक्त अवधिमा यात्रुलाई पर्न जाने असुविधाप्रति कम्पनीले क्षमायाचना गर्दै सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध गरेको छ । साथै फागुन २२ गते शुक्रबारदेखि साविक बमोजिम नियमित रेल सेवा सञ्चालनमा आउने सूचनामा उल्लेख गरिएको छ । रेल सेवा बन्द रहने अवधिमा यात्रुलाई वैकल्पिक यातायातको व्यवस्था गर्न कम्पनीले अनुरोध गरेको छ ।

**प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं**

- प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहिबार हुँदैछ।
- मतदान विहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ ।
- निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।
- निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मधेस प्रदेशमा ४८१ थान इजाजत प्राप्त हतियार बुझाइयो

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, फाल्गुन १५ गते ।*

प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी गरिएको सूचनाअनुसार मधेस प्रदेशमा ४८१ थान हतियार (बन्दुक) बुझाइएका छन् । मधेस प्रदेश प्रहरी कार्यालय अनुसार निर्वाचनलाई स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न प्रदेशअन्तर्गतका जिल्ला प्रशासन कार्यालयले गरेको सूचनापश्चात् हालसम्म उक्त सङ्ख्यामा हतियार प्राप्त भएका हुन् । यहाँका आठ जिल्लामा विभिन्न व्यक्तिले दुई हजार ५३१ थान इजाजत प्राप्त हातहतियार लिएको तथ्याङ्क भए पनि हालसम्म ४८१ थान मात्र प्राप्त भएको कार्यालयले जनाएको छ । अझै दुई हजार ५० थान हतियार बुझाउन बाँकी छन् । स्थानीय प्रशासनले हतियार बुझाउनका लागि सूचना जारी गरेका थिए ।

**कविता**



# भीड नै भीड

***

नारदप्रसाद काफ्ले
अध्यक्ष, सिस्नुपानी नेपाल
महोत्तरी

भीड हो त्यो भीड नै हो भिडमै जानें मौका खोज्या
भीडमै बसी भीडको त्यो भीडले छान्ने शासन रोज्या
भीड भीड मान्छेको भीड भीडनै भीडमा खोज नेता
भीडमानै भीडकै बीच भीडसितै रोज नेता।१

भीड भीड लामालस्कर विश्वास गर्ने साधन यही हो
भीड भीड बथान धेरै भोग्ने जोख्ने काम त्यही भो
भीडमानै पस्छ भीड भीडकै लागि लड्छ भीड
भीड भीड मानव भीड भीडकै सिडी चढ्छ भीड।२

व्यवस्थानै भीडको ल्यायौ भिडकोनै भीड लामालस्कर
भीडनै भीडमा मौलाउँछन् भीड खोज्ने भीडनै तस्कर
कसको भीड कति रह्यो जोख्छन् हेर्छन् भीडनै भीड
भीडनै भीडले बाजी मार्छ शासन गर्छ भीडनै भीड।३

बहुदल हो त्यो भीडनै भीड भीडनै भीडको स्वाद चाखौं
भीडनै भीडमा भीडकै खातिर भीडकै साख जोगाई राखौं
भीडनै भीडले निकास दिन्छ भीडनै भीडले विकास दिन्छ
भीडनै भीडको मझेरीमा भीडकै भीडले भीड किन्छ।४

भीडमै त्यो शासन सत्ता भीडलेनै मार्ग कोर्छ
भीडमै लाग्छन् सारा जनता भीडलेनै भीड सोर्छ
भीडबाटै निस्कन्छ त्यो भीडलाई सजाउने
भीडनै भीडमा भीडकै भीड भीडनै हुन्छ भगाउने।५

भीडनै हाम्रो शासनसत्ता भीडनै भीडमा अड्केको छ
भीडनै भीडमा विश्वास गर्छ भीडनै भीड पडकेको छ
दलदल भीडनै भीड भीड भीडमै हामी फस्यौं
बहुदल भन्छौं भीडनै भीड भीड भीडमै हामी धस्यौं।६

भीडनै भीडमा बाजी राख्यौं भीडनै भीडको स्वाद चाख्यौं
भीडको त्यो भीडकै खातिर भीडकै निम्ति बात राख्यौं
भीडबाटै नेता छान्ने भीडनै जम्मा पर्यौं हामीले
भीडनै भीडमा रमायौं पनि भीडनै ठूलो ठान्यौं हामीले।७

भीडकै खातिर वकालत गर्छौं भीडकै पछि हामी पर्छौं
भीड भीड हाम्रै भीड भीडमै के छ भीडमै सर्छौं
भीडले छान्छ व्यवस्था हाम्रो भीडले भन्छ देश चलाऊ
भीडकै दौडमा भीडनै कुद्छ भीडनै भन्छ देश बचाउ।८

भीडनै ठूलो भीडकै स्वर भीडलेनै भीडको कथा
भीडनै भीडमा भीडकै लागि भीडनै भीड जतातता
भीडले गर्छ रखवारी भन्छन् भीडले चुन्छ शासन सत्ता
भीडबाटै निस्कन्छ भन्छन् अशल शासन कताकता।९

भीडलाई भीडको रुपमा भीडनै भीड कहाँ कहाँ के छ?
भीडनै हो त्यो मानव जत्था भीडनै भीड जहाँ जहाँ जे छ
भीडनैलाई मान्यता दिन्छ भीडनै भीडमा विश्व कुद्छ
भीडनै भीडमा जन्मिन्छ नेता फेर्छ शासन भीडमानै कुद्छ।१०

**कविता**



# आमा

***

प्रसंशा वाग्ले
ग्लोबल एकेडेमी बर्दिबास
महोत्तरी

भोक लाग्दा खान दिने
दुख बिमारमा काखमा लिने
मलाई राम्रो अर्ती उपदेश दिने
आमा हुन् भविष्यको सपना दिने।

साँच्चै हुन् आमा पहिलो देवता
हरक्षण गर्नु हुन्छ माया ममता
मेरो उद्देश्य पूरा गर्न देख्छिन् सपना
मलाई साहस, ऊर्जा र प्रेरणा दिने हुन् आमा।

**तीन मुक्तक**



# विमल वि सी

बागलुङ

मुक्तक १
गरेका हुन् यहाँ जालझेल,अरू केही गर्ने होइनन्
देश र जनता लुट्ने हो खेल,अरू केही गर्ने होइनन्
झुटो आश्वासनको भरमा भोट मागेर जनतालाई
भष्टाचार गर्ने हुन् सत्तामा रहुन्जेल,अरू केही गर्ने होइनन् !

मुक्तक २

कमाउन् सकेको छैन धन,उमेर सिद्धिन लाग्यो
दुःख मात्रै भा'को छ झनझन,उमेर सिद्धिन लाग्यो
यो गर्छु त्यो भनेर योजना बनाउँदा बनाउँदै यहाँ ;
सोँचेको जस्तो भएन जिवन,उमेर सिद्धिन लाग्यो!

मुक्तक ३

जस्तो सुकै आवोस् यहाँ मोड,म बदलिने छैन्
बरू दिने छु दुःख मेहनतमा जोड,म बदलिने छैन्
मित्र आफ्नो स्वाभिमान र ईमान्दारितालाई बेचेर;
अरुले कमाए भन्दैमा लाख करोड,म बदलिने छैन्।

**गजल**



# केशव बैरागी माइलो

पेन्सल्भेनिया, अमेरिका

साथमा ताराहरु छन्, जूनहरु छन्
यो दिल भित्र थुप्रै मनसुनहरु छन् ॥

म कृष्ण बनौंला तिमी राधा भएर आऊ
मसँग बाँसुरीका मिठामिठा धुनहरु छन् ॥

तिमी रोपार भएर आउँ म बाउँसे हुनेछु
खेतका गरागरामा लैला मज्जुनहरु छन् ॥

तिम्रो अनुहारमा माया पढेको थिए कुनै बेला
चोखो मायामा धोका दिने खास कार्टुनहरु छन् ॥

नदिले चिरेको पहाड जस्तै भएको छु अचेल
मेरो मनको अदालतमा पनि थुप्रै कानुनहरु छन् ॥

**कविता**



# बेटी

***

निक्की यादव
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

जब जब जन्म लेलक बेटी
तबतब खुसी लेलक बेटी
ईश्वर के वरदान अइछ बेटी
भोरक पहिला किरण अइछ बेटी।

पिपलके शीतल छाया अइछ बेटी
आँगनके चहकैत चिडिया अइछ बेटी
त्याग बलिदान और समर्पण सिक्बैत अइछ बेटी
नयाँ नयाँ रिस्ता जोडबैत अइछ बेटी।

जै घरमे जाई ओइ घरमे दीपक जलबैत अइछ बेटी
एक बार नै बारबार याद अबै अइछ बेटी
सब जाक के पुछु किमत के है बेटी
जिनका पास नरहैत अइछ बेटी।

**कविता**



# चारु

***

सीता शर्मा पन्थी
वीरगन्ज

मीठो छ तिम्रो साह्रै नै आनीबानी हो
किन गर्छौ यस्तो तिमी जानीजानी हो

आँखा रसाई किन झार्छौ तिम्रो आँसु
देख्छु सधैँ नयनमा पानी पानी हो

मेरो मुटुको धड्कन तिमीमात्र हौ
माया र साथको सधैँ तिमी खानी हो

जहाँ जान्छु तिमीलाई साथ पाउँछु
तिम्रो साथ मेरोलागि यो जवानी हो

तिमी बिना बाँच्न कसरी म सकुँला
यही मेरो जीवनको अधुरो कहानी हो

**कविता**



# देशको गौरव

***

स्मारिका अधिकारी
जनता माध्यमिक विद्यालय गौरिडाँडा
बर्दिवास, महोत्तरी

प्राकृतिक सुन्दरताले भरिएको देश
विविधतामा एकता छ यही हो देश
हिमालमा हिउँ पर्छ चुचुरोमा माथि
हिउँ खेल्दै स्याउ खान जुम्ला जाउँ है साथी।

सगरमाथाले बढाएको नेपालीको शान
पहाडमा जडिबुटी तराई फल्छ धान
जलस्रोतको विश्वकै दुई नम्बरमा आउँछ
नेपाली हुँ वीर गोर्खाली गर्व गर्ने ठाउँ छ।

नौरङ्गी र डाँफे मुनाल नाँच्ने मेरो देश
हरियाली वनजङ्गल बुद्ध भूमि देश
रितिरिवाज संस्कृतिले भरिपूर्ण देश
सबै जाति अट्न सक्ने विशाल मेरो देश।

**कविता**



# मुसे युग

***

नारायण घिमिरे
अध्यक्ष, प्रगतिशील लेखक संघ
नेपाल, मधेश प्रदेश

चलाख मुसाहरूले
आफ्नो असक्षमता लुकाउन
कर्महीन मालिकहरूलाई
चोर बाटो देखाएर
वरदान कुम्ल्याउन हौस्याइरहेका छन् ।
कामचोर भुँडे गणेशहरू
स्वार्थ सिद्ध गर्न
घुमिरहेका छन् वरिपरि–
जसरी घुम्छ जाँतो
एकनास मानीको वरिपरि ।
यता,
बिचरा !
कर्मयोगी कुमारहरू
सुमेरु पर्वतको चक्कर काट्दाकाट्दै
युगौंदेखि हराइरहेका छन्
आफूसँगै आफैं,
र हराइरहने छन्
युगौंसम्म;
जबसम्म
बाँचिरहन्छन्
भुँडे गणेशहरू
र
कामचोर मुसाहरू ।

# लोकसेवा परीक्षाको तयारी सामग्री

**धीरेन्द्र कुमार महतो**
प्रस्तुतकर्ता



**१. नेपाल सरकारले 'जेन-जी परिषद्' गठन गर्ने निर्णय कहिले गरेको हो ?**
A) २०८२ मंसिर २४
B) २०८२ पुस १२
C) २०८२ फागुन १२
D) २०८२ फागुन २४

**सही उत्तरः C) २०८२ फागुन १२**

**जेन-जी परिषद् गठन र सम्झौता सम्बन्धी मुख्य बुँदाहरू**

❖ गठनको निर्णयः नेपाल सरकारले २०८२ फागुन १२ गते जेन-जी परिषद् गठन गर्ने औपचारिक निर्णय गरेको हो।

❖ पृष्ठभूमिः नेपाल सरकार र जेन-जी प्रतिनिधिबीच २०८२ मंसिर २४ मा भएको १० बुँदे सम्झौता कार्यान्वयनका लागि यो परिषद् गठन गरिएको हो।

❖ कानुनी आधारः १० बुँदे सम्झौताको बुँदा नम्बर ९ मा परिषद् गठन गर्ने व्यवस्था उल्लेख गरिएको थियो।

**२. 'न्युबिज बिजनेस वुमन समिट एन्ड अवार्डस् २०२६' मा 'लाइफ टाइम अचिभमेन्ट' बाट को सम्मानित भइन् ?**
(A) शान्ति चड्डा
(B) भवानी राणा
(C) कमला श्रेष्ठ
(D) अनुराधा कोइराला

**उत्तरः (C) कमला श्रेष्ठ**

**३. चौथो विश्वव्यापी एआई शिखर सम्मेलन सन् २०२६ मा कहाँ सम्पन्न भयो?**
A) जेनेभा, स्विजरल्याण्ड
B) नयाँ दिल्ली, भारत
C) पेरिस, फ्रान्स
D) न्युयोर्क, अमेरिका

**सही उत्तरः B) नयाँ दिल्ली, भारत**



**चौथो विश्वव्यापी एआई शिखर सम्मेलनका मुख्य विशेषताहरू**

❖ **आयोजना र स्थलः** यो सम्मेलन सन् २०२६ फेब्रुअरी १६ देखि २१ सम्म भारतको नयाँ दिल्लीस्थित 'भारत मण्डपम' मा सम्पन्न भएको हो।

❖ **आयोजकः** भारत सरकारको 'इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालय' (IndiaAI मिसन अन्तर्गत) ले यसको आयोजना गरेको थियो।

❖ **उद्घाटनः** सम्मेलनको औपचारिक उद्घाटन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले १९ फेब्रुअरी २०२६ मा गर्नुभएको थियो।

❖ **ऐतिहासिक उपलब्धि (Global South):** यो सम्मेलन 'ग्लोबल साउथ' (नयिदर्बा क्यगतज) का राष्ट्रहरूमध्ये कुनै एकले आयोजना गरेको पहिलो एआई शिखर सम्मेलन हो।

❖ **विश्व कीर्तिमान (Guinness World Record):** सम्मेलनको क्रममा २४ घण्टाभित्र २ लाख ५० हजारभन्दा बढी मानिसले 'एआई उत्तरदायित्व प्रतिज्ञा' (AI responsibility pledges) गरेर नयाँ गिनिज वर्ल्ड रेकर्ड कायम भएको छ।

❖ **सहभागिताः** सम्मेलनमा फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रोन, संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसका साथै गुगल र ओपनएआई (OpenAI) का प्रमुख कार्यकारी अधिकृतहरूको उपस्थिति रहेको थियो।

❖ **आगामी सम्मेलनः** पाँचौं विश्वव्यापी एआई शिखर सम्मेलन सन् २०२७ मा स्विजरल्याण्डको जेनेभामा आयोजना हुने तय भएको छ।

**४. विदेशी लगानी स्वचालित मार्गबाट गर्न सकिने नियम कहिले राजपत्रमा प्रकाशित भयो?**
(A) विसं २०८२ वैशाख १
(B) विसं २०८२ माघ १५
(C) विसं २०८२ फागुन ४
(D) विसं २०८२ फागुन १०

**उत्तरः (C) विसं २०८२ फागुन ४**

**५. २० औं संस्करणको पोखरा अन्तर्राष्ट्रिय म्याराथनको उपाधि कसले जित्यो?**
(A) गजेन्द्र राई
(B) हरिकुमार रिमाल
(C) जुलियस मुरिउकी वाहोम
(D) गोपीचन्द्र पार्की

**उत्तरः (C) जुलियस मुरिउकी वाहोम**

**६. बङ्गलादेशको नयाँ प्रधानमन्त्रीका रूपमा तारिक रहमानले कहिले सपथ ग्रहण गर्नुभयो?**
A) १२ फेब्रुअरी २०२६
B) १७ फेब्रुअरी २०२६
C) १९ फेब्रुअरी २०२६
D) २४ फेब्रुअरी २०२६

**सही उत्तरः B) १७ फेब्रुअरी २०२६**

**बङ्गलादेशको आम निर्वाचन २०२६ र राजनीतिक घटनाक्रम**

❖ **निर्वाचन सम्पन्नः** बङ्गलादेशमा सन् २०२६ फेब्रुअरी १२ मा आम निर्वाचन सम्पन्न भएको थियो।

❖ **बहुमत र सत्ताः** तारिक रहमानको नेतृत्वमा रहेको बङ्गलादेश नेसनलिस्ट पार्टी (द्यल्ए) ले संसद्को कुल ३५० सिटमध्ये २०९ सिट जितेर दुई तिहाइ बहुमत प्राप्त गरेको छ।

❖ **प्रधानमन्त्रीः** पूर्व प्रधानमन्त्री खालिदा जियाका छोरा तारिक रहमान लामो समयको निर्वासनपछि स्वदेश फर्केर १७ फेब्रुअरी २०२६ मा प्रधानमन्त्री नियुक्त हुनुभएको हो।

❖ **दोस्रो ठूलो शक्तिः** यस निर्वाचनमा बङ्गलादेश जमात-ए-इस्लामी देशको दोस्रो ठूलो पार्टीको रूपमा उदाएको छ।

❖ **प्रतिबन्धः** पूर्व प्रधानमन्त्री शेख हसिनाको पार्टी 'अवामी लिग' लाई निर्वाचनमा भाग लिन प्रतिबन्ध लगाइएको थियो, जसले गर्दा बङ्गलादेशको राजनीतिमा ठूलो फेरबदल आएको हो।

**७. युगल किशोर शुक्ला अन्तर्राष्ट्रिय पत्रकारिता पुरस्कार, २०२६ प्राप्त गर्ने नेपाली को हुन् ?**
(A) नृपेन्द्रलाल श्रेष्ठ
(B) शशीभूषण कुमार
(C) कुन्द दीक्षित
(D) नारायण वाग्ले

**उत्तरः (A) नृपेन्द्रलाल श्रेष्ठ**

**८. 'स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी एवम् मितव्ययी निर्वाचन' भन्ने नाराका साथ दशौं निर्वाचन दिवस कहिले मनाइयो?**
A) २०८२ माघ ७
B) २०८२ फागुन १
C) २०८२ फागुन ७
D) २०८२ चैत ७

**सही उत्तरः C) २०८२ फागुन ७**

**दशौं निर्वाचन दिवस २०८२ र ऐतिहासिक पृष्ठभूमि**

❖ **दिवस र मितिः** नेपालमा प्रत्येक वर्ष फागुन ७ गते निर्वाचन दिवस मनाइन्छ। २०८२ फागुन ७ मा दशौं निर्वाचन दिवस मनाइएको छ।

❖ **२०८२ को नाराः** "स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी एवम् मितव्ययी निर्वाचन"।

❖ **२०८१ को नाराः** "निर्वाचनको प्रभावकारिताः आमनागरिकको सहभागिता"।

❖ **ऐतिहासिक सुरुवातः** नेपालमा पहिलो पटक २०१५ साल फागुन ७ गतेदेखि पहिलो आम निर्वाचन सुरु भएको थियो।

❖ **दिवस मनाउन थालिएकोः** पहिलो पटक औपचारिक रूपमा निर्वाचन दिवस मनाउन २०७३ फागुन ७ देखि सुरु गरिएको हो।

**९. अभियान रत्न सम्मान, २०८२' बाट मरणोपरान्त कसलाई सम्मानित गरियो?**
(A) शिव श्रेष्ठ
(B) राजेश हमाल
(C) सुनील थापा
(D) श्रीकृष्ण श्रेष्ठ

**उत्तरः (C) सुनील थापा**

**१०. सन् २०२६ को टि ट्वान्टी विश्वकपमा नेपालले कुल कतिवटा खेलमा हार व्यहोरेर समूह चरणबाटै बाहिरियो?**
A) २ वटा
B) ३ वटा
C) ४ वटा
D) १ वटा

**सही उत्तरः B) ३ वटा (इङ्ल्यान्ड, इटाली"र वेस्ट इन्डिजसँग)**

**१० औं पुरुष टि ट्वान्टी विश्वकप २०२६ र नेपालको प्रदर्शन**

❖ आयोजन विवरणः १० औं संस्करणको यो विश्वकप सन् २०२६ फेब्रुअरी ७ देखि मार्च ८ सम्म भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गरेका हुन्।

❖ सहभागी टोलीः यस प्रतियोगितामा कुल २० वटा देशले सहभागिता जनाएका थिए।

❖ नेपालको सहभागिताः यो नेपालको तेस्रो विश्वकप सहभागिता हो। नेपालले यसअघि सन् २०१४ (बङ्गलादेश) र २०२४ (वेस्ट इन्डिज र अमेरिका) मा सहभागिता जनाएको थियो।

❖ नेपालको खेल नतिजा (२०२६):
– इङ्ल्यान्डसँगः ४ रनको झिनो हार।
– इटालीसँगः १० विकेटको अप्रत्याशित हार।
– वेस्ट इन्डिजसँगः ९ विकेटको हार (यही हारसँगै नेपाल औपचारिक रूपमा समूह चरणबाट बाहिरिएको हो)।

**११. सात महादेशमा सात दिन लगातार म्याराथनमा नेपाली पोसाक (दौरा सुरुवाल) मा दौडेर विश्व कीर्तिमान कायम गर्ने धावक को हुन्?**
(A) हरिबहादुर रोकाया
(B) वैकुण्ठ मानन्धर
(C) बाल जोशी
(D) गोपीचन्द्र पार्की
उत्तरः (C) बाल जोशी

**१२. भारतद्वारा पशुपतिनाथ-वैद्यनाथ हाई-स्पिड कोरिडोर बनाउने घोषणा कहिले भयो?**
(A) सन् २०२५ डिसेम्बर १०
(B) सन् २०२६ जनवरी १
(C) सन् २०२६ फेब्रुअरी १०
(D) सन् २०२६ मार्च १
उत्तरः (C) सन् २०२६ फेब्रुअरी १०

**१३. नेपाल र भारतबिच फौजदारी विषयमा पारस्परिक कानुनी सहायतासम्बन्धी सम्झौतामा कहिले हस्ताक्षर भयो?**
(A) विसं २०८२ माघ १०
(B) विसं २०८२ फागुन १
(C) विसं २०८२ फागुन ६
(D) विसं २०८२ फागुन १५

**उत्तरः (C) विसं २०८२ फागुन ६**

**१४.२७ औं स्वास्थ्य सेवा दिवस (२०८२) को नारा के रहेको छ?**
A) सुलभ स्वास्थ्य सेवाः स्वस्थ नेपालका लागि हाम्रो प्रतिबद्धता
B) दक्ष जनशक्ति, दिगो सेवाः स्वास्थ्य सुरक्षामा हाम्रो दृढ प्रतिबद्धता
C) गुणस्तरीय स्वास्थ्य सेवा, हाम्रो चाहना
D) दक्ष जनशक्ति, सुलभ सेवा

**सही उत्तरः B) दक्ष जनशक्ति, दिगो सेवाः स्वास्थ्य सुरक्षामा हाम्रो दृढ प्रतिबद्धता**

**२७ औं स्वास्थ्य सेवा दिवस २०८२**

❖ हरेक वर्ष फागुन १५ गते यो दिवस मनाइन्छ।
❖ कति औं संस्करण : २७ औं
❖ स्वास्थ्य सेवा ऐन, २०५३ जारी भएको दिनलाई स्मरण गर्दै हरेक वर्ष स्वास्थ्य सेवा दिवस मनाउने गरिन्छ ।
❖ वि.सं.२०८२ को नारा : "दक्ष जनशक्ति, दिगो सेवाः स्वास्थ्य सुरक्षामा हाम्रो दृढ प्रतिबद्धता"
❖ वि.सं.२०८१ को नारा : "सुलभ स्वास्थ्य सेवाः स्वस्थ नेपालका लागि हाम्रो प्रतिबद्धता"

**१५. आइसिसी टी-२० विश्वकप क्रिकेटमा शतक प्रहार गर्ने विश्वकै कान्छा खेलाडी को बनेका छन् ?**
(A) कुशल मल्ल
(B) युवराज समारा
(C) रहमानुल्लाह गुरवाज
(D) बाबर आजम

**उत्तरः (B) युवराज समारा**

# प्रेमिका भेट्न गएका युवकको बीभत्स हत्या



**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, फाल्गुन १५ गते ।*

धनुषामा प्रेम सम्बन्धकै कारण एक युवकको निर्मम हत्या भएको खुलेको छ। बिहीबार दिउँसो ४ बजे औरही गाउँपालिका-६ को खेतमा मृत भेटिएका हंसपुर नगरपालिका-९ रुदौलीका १९ वर्षीय सुमित मण्डलको प्रेम सम्बन्धकै कारण हत्या भएको खुलेको हो ।

मण्डलको शव घाँटी रेटिएको अवस्थामा फेला परेको थियो । घाँटी अगाडिबाट धारिलो हतियार प्रयोग गरेर रेटेको र शरीरका अन्य भागमा समेत कुटपिटका गम्भीर चोट देखिएको प्रहरीले जनाएको छ ।

धनुषा प्रहरीले शुक्रबार हत्यामा संलग्न भएको आरोपमा तीन जनालाई पत्रकार सम्मेलन गरेरै सार्वजनिक गरेको छ ।

धनुषा प्रहरी प्रमुख प्रहरी उपरीक्षक (एसपी) रुगमबहादुर कुँवरले मृतक मण्डलको हंसपुर-६ की एक १७ वर्षीय किशोरी काजलकुमारी मण्डलसँग प्रेम सम्बन्ध रहेको खुलेको बताए । हत्या आरोपमा प्रहरीले काजलसहित उनका दाजु २० वर्षीय दिपेशकुमार मण्डल र काका २९ वर्षीय परमेश्वर मण्डललाई पक्राउ गरेको छ ।

प्रारम्भिक अनुसन्धानमा सुमित र काजल एक वर्षदेखि प्रेम सम्बन्धमा रहेको खुलेको प्रहरीले जनाएको छ । बुधबार काजलको घरमा कोही नभएको मौका पारेर सुमित उनलाई भेट्न पुगेका थिए । सुमित घरभित्र प्रवेश गरेपछि काजलका काका परमेश्वरले थाहा पाए । त्यसपछि उनले सुमितलाई नियन्त्रणमा लिएर काजलका दाजु दिपेशलाई बोलाएका थिए । दुवै मिलेर सुमितका हात पछाडिबाट डोरी र गम्छाले बाँधी कुटपिट गरे ।

कुटपिटपछि सुमितलाई मोटरसाइकलमा राखेर डेढ किलोमिटर टाढा खेतमा लगेर घाँटी रेटेर हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा देखिएको छ । प्रहरीले हत्या गर्न प्रयोग गरिएको खुकुरी, मोटरसाइकल तथा अन्य सामग्री बरामत गरेको जनाएको छ ।

# विद्यार्थीलाई क्षयरोग निवारणबारे अभिमुखीकरण

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, फाल्गुन १५ गते ।*




नेपाल क्षयरोग निवारण संस्था, धनुषा शाखाको आयोजनमा शुक्रबार विद्यार्थी लक्षित 'क्षयरोग निवारणसम्बन्धी अभिमुखीकरण' कार्यक्रम सम्पन्न भएको छ । जनकपुरधाम उपमहानगरपालिका-११ स्थित श्री अरनिको सेकेण्डरी बोर्डिङ स्कुलमा आयोजित कार्यक्रममा ५० भन्दा बढी विद्यार्थीको सहभागिता रहेको थियो ।

संस्थाका सभापति सन्तकुमार कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले क्षयरोगको उपचार अहिले पहिलेभन्दा सहज र प्रभावकारी भएको उल्लेख गर्दै नियमित रुपमा कम्तीमा ६ महिना औषधि सेवन गरे शतप्रतिशत निको हुने बताए । उनले क्षयरोग निवारणमा राज्य,सम्बन्धित निकाय,संघसंस्था तथा युवा-विद्यार्थीसहित समाजका सबै पक्षको सक्रिय भूमिका अपरिहार्य रहेको धारणा राखे ।

उपप्रमुख साहले क्षयरोविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको धनुषा शाखाको प्रयास प्रशंसनीय रहेको उल्लेख गर्दै अभियानलाई थप प्रभावकारी बनाउन सामूहिक सहकार्य आवश्यक रहेको बताए । जनकपुरधाम नगरपालिका क्षेत्रलाई क्षयरोगमुक्त बनाउने लक्ष्यसहित नगरपालिका सरोकारवालासंग समन्वय गरी सहकार्यको नीति कार्यान्वयन गरिरहेको जानकारी पनि उनले दिए ।

कार्यक्रममा मधेस प्रदेश स्वास्थ्य निर्देशनालयका अधिकृत तथा धनुषा शाखाका सदस्य राजकिशोर राउतले क्षयरोग सरुवारोग भएकाले यसको समयमै परीक्षण र उपचार आवश्यक रहेको बताए । उनका अनुसार सरकारी अस्पताल,जनस्वास्थ्य कार्यालय तथा मातहतका स्वास्थ्य चौकीहरुमा क्षयरोगको परीक्षण तथा 'डट्स' उपचार पद्धति निःशुल्क उपलब्ध छ ।

अभिमुखीकरणका क्रममा सभापति कार्कीले क्षयरोगको इतिहास,पहिचान र उपचार पद्धतिबारे विस्तृत जानकारी गराए । उनले सन् १८८२ मा जर्मनीका वैज्ञानिक रबर्ट ककले क्षयरोगका जीवाणु माइकोव्यक्टेरियम ट्युबर कुलोसिस पत्ता लगाएपछि रोगको वैज्ञानिक आधारमा निदान र उपचार सम्भव भएको उल्लेख गरे । सो खोजपछि नै आज क्षयरोगको प्रभावकारी उपचार सहज रुपमा उपलब्ध भएको उनले बताए ।

कार्कीले क्षयरोगका प्रमुख लक्षण-दुई हप्ताभन्दा बढी खोकी लागिरहनु, ज्वरो आउनु, तौल घट्नु, राति अत्यधिक पसिना आउनु आदि देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा परीक्षण गराउन आग्रह गरे । उने डट्स उपचार पद्धतिअनुसार नियमित कम्तीमा ६ महिना औषधि सेवन गरे रोग पूर्णरुपमा निको हुने स्पष्ट पार्दै उपचारमा हेलचक्र्याइँ गर्दा रोग जटिल बन्ने तथा औषधि प्रतिरोधी क्षयरोगको जोखिम बढ्ने चेतावनी दिए । संस्थाका सहसचिव जमुना भुजेलको सहजीकरण तथा उद्घोषणमा सम्पन्न एकदिने सो कार्यक्रममा संस्थाका केन्द्रीय सदस्य श्रवणकुमार साह, दिनेश शर्मा, रामचन्त्र साह तथा अरनिको विद्यालयका प्रिन्सिपल दीपेन्द्र झा लगायत शिक्षक-शिक्षिकाको उपस्थिति रहेको थियो ।

# मतदानमा दुई लाख २१ हजार कर्मचारी खटाइने

**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, फाल्गुन १५ गते ।*



यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका १६५ निर्वाचन क्षेत्रमा दुई लाख २१ हजार कर्मचारी खटिने भएका छन् । ७७ जिल्लाका १६५ निर्वाचन क्षेत्रका २३ हजार ११२ केन्द्र र समानुपातिकमा मात्र मत हाल्ने १४३ अस्थायी केन्द्रमा गरी उक्त सङ्ख्यामा कर्मचारी खटाउने भएको हो ।

निर्वाचन आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले पाँच सयभन्दा बढी मतदाता भएका केन्द्रमा नौ जना र ५०० भन्दा कम मतदाता भएका केन्द्रमा आठ जना कर्मचारी खटाउने व्यवस्था मिलाइएको बताए । मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई प्रशिक्षण दिएपछि केन्द्रमा खटिने अरु कर्मचारीलाई मतदान अधिकृतले नै प्रशिक्षण दिने व्यवस्था मिलाइएको पनि आयोगले जनाएको छ ।

निर्वाचनका लागि निर्वाचन सामग्री र मतपत्र बिहीबार देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा पुगिसकेको आयोगले जनाएको छ ।

# 'संविधानलाई सही बाटोमा ल्याउन सबै राजनीतिक शक्ति एकजुट हुनुपर्छ'

**राष्ट्रिय समाचार समिति**

*धनुषा, फाल्गुन गते ।*

नेपाली कांग्रेसका नेता एवं धनुषा निर्वाचन क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार विमलेन्द्र निधिले संविधानलाई सही मार्गमा ल्याउनु अहिलेको प्रमुख राष्ट्रिय जिम्मेवारी भएको बताएका छन् ।

शुक्रबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा उनले मुलुकमा देखिएको राजनीतिक अस्थिरता, व्यवस्थाप्रति बढ्दो असन्तुष्टि तथा सङ्घीय संरचनाको प्रभावकारी कार्यान्वयनमा देखिएका कमजोरीप्रति चिन्ता व्यक्त गर्दै संविधानलाई 'लिकमा ल्याउन' सबै राजनीतिक शक्ति एकजुट हुनुपर्ने बताए । नेता निधिले संविधान कार्यान्वयनमा देखिएका जटिलता हटाउन सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय सुदृढ गर्न आवश्यक रहेको बताए । "संविधान उत्कृष्ट दस्तावेज हो, तर यसको कार्यान्वयनमा इमान्दारिता र प्रतिबद्धता जरूरी छ", उनले भने, "जनताको अधिकार सुनिश्चित गर्न र विकासको गति बढाउन संविधानको मर्मअनुसार काम गर्नुपर्छ ।"

नेता निधिले सङ्घीयता, समावेशिता, धर्मनिरपेक्षता र लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै अघि बढ्नुपर्नेमा जोड दिँदै संविधानमाथि अनावश्यक टीकाटिप्पणी गर्नेभन्दा यसको सफल कार्यान्वयनतर्फ ध्यान दिनुपर्ने धारणा राखे ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

२४ सैं घण्टा इमर्जेन्सी सेवा
ICU, NICU, PICU सेवा
X-Ray, USG, CT Scan सेवा
Endoscopy/Diode Laser सेवा
Laproscopy सेवा
क्याबिनको समेत व्यवस्था भएको
विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री